# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था"

**मुख्य कार्यालय** : कमलादी, पुतलीसडक, काठमाण्डौ

**फोन नं.**: ०१-४५४५८८५/०१-४५४५८८६

इमेलः info@nepalfinance.com.np वेभसाइटः www.nepalfinance.com.np


## ३२ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रकाशित मिति २०८१/१०/०१**

**आदरणीय शेयरधनी महानुभावहरु**

यस वित्तीय संस्थाको मिति २०८१/०९/२९ गते बसेको सञ्चालक समितिको ३९६औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको ३२औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्नानुसारका पुर्व निर्धारित छलफलका बिषयहरुमा कुनै परिवर्तन नगरि पुनः बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति : २०८१ साल माघ ८ गते (तदनुसार २१ जनवरी २०२५) मंगलबार ।

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
(Nepal Administrative Staff College, Jawalakhel, Lalitpur).

सभा शुरु हुने समय : विहान ८:०० बजे ।

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०८०/०८१ को वासलात, २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**पुनश्चः** बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी एवम् पुर्व निर्धारित कार्यक्रमहरु यथावत् रहेको जानकारी गराउँदछौं साथै साधारण सभा सम्बन्धी सूचना संस्थाको आधिकारिक website : www.nepalfinance.com.np मा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछौं । शेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौंमा उपस्थित भई बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**